# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४२५ *मिति :-* २०६३/१२/११

**इजाजतपत्रप्राप्त "क" वर्गका (बैंक) संस्थाहरू ।**

विषय :- **अग्रिम विनिमय दर सम्बन्धी ।**

महाशय,

परिवर्त्य विदेशी मुद्राहरूको विनिमय दरहरूमा हुनसक्ने थपघटको परिप्रेक्षमा नेपाली आयातकर्ता तथा निर्यातकर्ताहरूलाई अग्रिम विनिमयको सुविधा उपलब्ध गराउने सन्दर्भमा निम्न लिखित व्यवस्था अन्तर्गत रही सबै बैंकहरूलाई अग्रिम विनिमय कारोवार गर्न विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. अग्रिम विनिमय दर (Forward Exchange Rate) को निर्धारण सम्बन्धित बैंकहरू आ-आफ्ले गर्नुपर्नेछ । यसरी अग्रिम विनिमय दर निर्धारण गर्दा सामान्यतया नेपाली रुपैंयाँ र सम्बन्धित विदेशी मुद्राको व्याज दरको भिन्नताको आधारमा गर्नुपर्नेछ ।

२. अग्रिम विनिमय कारोवार गर्दा आयातकर्ता वा निर्यातकर्ताको Valid प्रतीतपत्रसँग Tie-up गरेर मात्र गर्नुपर्नेछ ।

३. यसप्रकार गरिएको अग्रिम विनिमय कारोवारको Cover नेपाल राष्ट्र बैंकमार्फत प्राप्त हुने छैन अर्थात् यसबाट हुनसक्ने लाभहानी दुवै सम्बन्धित बैंकले नै ब्यहोर्नु पर्नेछ ।

४. यस्तो कारोवारको लागि बैंकहरुसँग नेपाली रुपैंयाँको अभाव हुनसक्ने सम्भावनालाई दृष्टिगत गरी निम्न वमोजिम विदेशी मुद्राको Swap सुविधा उपलब्ध गराइने छ :

(क) बैंकहरूले यस बैंकलाई Spot Basis मा विदेशी मुद्रा बिक्री गरी उल्लिखित Future Date मा सोही विनिमय दरमा उक्त विदेशी मुद्रा खरिद गर्न सकिनेछ। बैंकले यस वापत निर्धारित Swap Charge भुक्तानी गर्नुपर्नेछ । यस्तो Charge निर्धारण गर्दा नेपाली रुपैंयाँ र अमेरिकी डलरको प्रचलित व्याज दरको भिन्नताको आधारमा गरिनेछ ।

(ख) यस प्रकारको प्रत्येक Swap सुविधा बढीमा ३ महिनाको लागि मात्र हुनेछ र आवश्यकतानुसार अर्को अवधिको लागि नविकरण गर्न सकिनेछ ।

(ग) यो सुविधा अन्तर्गत यस बैंकलाई विदेशी मुद्रा विक्री गर्दा के कति अवधिभित्र सो रकम पुनः खरीद गर्ने हो स्पष्ट गर्नुपर्नेछ ।

(घ) यस सुविधा अन्तर्गत नेपाल राष्ट्र बैंकसँग हुने कारोवारको न्यूनतम रकम अमेरिकी डलर १ लाख र यसभन्दा बढीको हकमा अमेरिकी डलर ५० हजारको गुणाङ्क (Multiples) निर्धारण गरिएको छ ।

(ङ) यस सुविधा प्रयोग गर्दा संलग्न ढाँचा वमोजिम निवेदन गर्नुपर्नेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक

(इ.प्रा. परिपत्र संख्या- ४२५ प्रयोजनको लागि)

## दफा नं. ४(ङ) मा उल्लेखित नमूना ।

| मिति | खरिद/विक्री | रकम | कन्ट्रैक्ट रेट | कन्ट्रैक्ट पिरियड | प्रतीतपत्र नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |